आज मिति २०८३ साल भाद्र३१ गते बुधवारका दिन विहान८:१५ बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ५३ औ बैठक बस्यो।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | अनुपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानुकाजी राजबहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | अनुपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | अनुपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थित |
| २० | सचिव | श्री भोजराज घिमिरे | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थित |
| ३ | महाशाखा प्रमुख | श्री तुलसी भक्त तको | उपस्थित |
| ४ | ब.ई | श्री कृष्ण गोपाल श्रेष्ठ | उपस्थित |
| ५ | ब.ई | श्री बिश्वजित होना | उपस्थित |
| ६ | अ.छैठौ | श्री उपेन्द्र प्र. काफ्ले | उपस्थित |
| ७ | अमिन | श्री गोकुल रेग्मी | उपस्थित |
| ८ | अ.छैठौ | श्री सुब्रिन कुमार चिमौरिया | उपस्थित |
| ९ | सुचना प्र. अधिकृत | श्री सागर श्रेष्ठ | उपस्थित |
| १० | ब.ले.अ | श्री सुमित्रा पौडेल | उपस्थित |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३



भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरु :

१.स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको प्रारम्भिक नतिजा सम्वन्धमा।
२.हात्ति महाङकाल बहुउद्देश्यीय पार्कको बहुबर्षिय ठेक्का अनुमोदन सम्वन्धमा।
३. परम्परागत क्षेत्रमा घर निर्माण मापदण्ड सम्वन्धमा।
४. बाल क्लवको विधान स्वीकृति सम्वन्धमा।
५. रेडक्रसको शवबहान सञ्चालन खर्च व्यवस्थापन सम्वन्धमा।
६. घर नक्शापास सम्वन्धमा (रुक्माङगत भटराई वडा नं २)।
७. स्थानीय पाठ्यक्रम स्वीकृत सम्वन्धमा।
८. सहकारी व्यवस्थापन सम्वन्धमा।
९. स्वबासी घर जग्गा सम्वन्धमा।
१०.पुल्चोक इन्स्टिच्यूट अफ इन्जिनियरिङ कन्सल्टेन्सी परामर्स सेवाको रकम भुक्तानी सम्वन्धमा ।
११. विविध

निर्णय नं.१ स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको प्रारम्भिक नतिजा सम्वन्धमा।

स्थानीय शासन कार्यसम्पादन मूल्यॉडकन प्रणाली (**LGPAS**)अन्तर्गत यसमध्यपुर थिमि नगरपालिकाको गत आर्थिक वर्ष २०८२/८३ को विभिन्न ५ वटा विषय क्षेत्रहरू (सुशासन तथा संस्थागत विकास, सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार विकास र वन, वातावरण तथा विपद् व्यवस्थापन) मा आधारित रही तयार पारिएको स्वमूल्याङ्कनको एकीकृत प्रारम्भिक नतिजा बैठक समक्ष पेश भई विस्तृत छलफल गरियो। साथै उक्त एकीकृत प्रारम्भिक नतिजा प्रमुख प्रशासकीय अधिकृत मार्फत आवश्यक पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिको कार्यालय,भक्तपुरमा पठाउने निर्णय गरियो।

निर्णय नं २.हात्ति महाङकाल बहुउद्देश्यीय पार्कको बहुबर्षिय ठेक्का अनुमोदन सम्वन्धमा।

हात्ति महाँकाल बहुउपयोगी पार्क निर्माण योजनामा चालु आ.व.२०८३/८४ मा दुई करोड चालिस लाख मात्र विनियोजन भएको र सो पार्कको **Detailed Project Report** अनुसार अद्यावधिक लागत अनुमान पाँच करोड छतीस लाख बहत्तर हजार पाँच सय तेत्तीस रुपैंया र अठचालिस पैसा मात्र भएकोले यस योजनामा नपुग रकम आउने आर्थिक वर्षहरुमा विनियोजन गर्ने सुनिश्चितता सहित बहुबर्षीय ठेक्का प्रणाली अनुसार खरिद प्रकृया अगाडी बढाउने सम्बन्धमा नगर प्रमुखज्यूबाट मिति २०८२/०५/०३ भएको निर्णय अनुमोदन गरियो।

निर्णय नं ३. परम्परागत क्षेत्रमा घर निर्माण मापदण्ड सम्वन्धमा।

यस नगरपालिका स्थित परम्परागत क्षेत्रमा देहायका कित्ताहरुमा निर्माण गरिने भवनको मापदण्ड निम्नानुसार कायम गर्ने निर्णय गरियो।

क) मध्यपुर थिमि नगरपालिका वडा नं ४ साबिक बालकुमारी गाबिस वडा नं ५ स्थित यमोटोलमा बाटो सागुरो भई आवतजावतमा समेत कढिनाई भई उक्त बाटो फराकिलो पारी सिमा पर्खाल लगाउन पर्ने भएको हुनाले साबिक वडा नं १४ सिट नं १०२-११९०-१८, कि.नं २९ का जग्गाधनी उमेश श्रेष्ठले पश्चिमतर्फ २ फिट बाटोको लागि जग्गा छोडेको प्राबिधिक प्रतिवेदनबाट देखिएको।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ओज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

ख ) मध्यपुर थिमि नगरपालिका वडा नं ४ साबिक बालकुमारी गाबिस वडा नं १४ सिट नं १०२-११९०-२२ कि.नं १४ स्थित **UCEP General School** को पुर्ब तर्फ बाटो सागुरो भई आवत जावतमा समेत कठिनाई भई उक्त बाटो फराकिलो पारी सिमा पर्खाल लगाउन पर्ने भएको हुनाले कि.नं १४ को पश्चिम तर्फ देव लक्ष्मी श्रेष्ठले ३ फिट बाटोको लागि जग्गा छोडेको प्राबिधिक प्रतिवेदनबाट देखिएको।

निर्णय नं .४ . बाल क्लबको विधान स्वीकृति सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत सञ्चालन हुने बाल क्लबको नमुना विधान अनुसूची -१ मा समाबेश भए अनुरुप स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय : ५ शव वाहन व्यवस्थापन सम्वन्धमा।

विगतदेखि नियमित रुपमा नेपाल रेडक्रस सोसाईटी मध्यपुर थिमिउपशाखावाट सञ्चालित शव वाहन सेवा यस नगरपालिकाका नागरिकलाई आवश्यक पर्दा निःशुल्क र सहज रुपमा उपलब्ध गराउने गरी वडा नं.४ को सिफारिसमा चालु आ.व. मा सोही वडाको वडागत विनियोजित वजेट शिर्षकबाट खर्च व्यहोर्ने गरी रु. ५,००,०००।-(अक्षेरेपी पाँच लाखमात्र)नेपाल रेडक्रस सोसाईटी मध्यपुर थिमि उपशाखालाई अनुदान उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ६. घर नक्शापास सम्वन्धमा (रुक्माङगत भटराई वडा नं २)।

यस मध्यपुर थिमि नगरपालिका वडा नं.२ साबिक मध्यपुर थिमि नगरपालिका १७ सीट नं१०२-११८८-१५ कि. नं. ३६६ र ३६८ जम्मा क्षेत्रफल १२०.१० ब.मि. जग्गामा निवेदक रुक्मागत भट्टराईले घर निर्माण गर्नको लागि नक्सा दर्ता गरी पाउँ भनि नगरपालिकामा मिति २०८२/०२/२६ मा निवेदन पेश गर्नु भएको र नक्शा दर्ता पश्चात सोही मितिमा सूचना टाँस तथा सर्जमिन प्रक्रियाको लागि वडानं.२ को कार्यालयमा फाइल पठाईएकोमा सर्जमिन मुचुल्काको रोहबरमा वडाका जनप्रतिनिधिले हस्ताक्षर नगरेको तथा बाटो कायम गर्ने विषय समेत बाँकी रहेकोले नक्सा पास हुन नसकेको अवस्थामा उक्त जग्गामा न्यायिक समितिको मिति २०८१/०८/१७ को निर्णय तथा नापी कार्यालय भक्तपुरबाट भएको जग्गा हाल साबिक समेतको आधारमा नगरपालिकाबाट तोकिए अनुसारको बाटोको मापदण्ड नघट्ने गरी नक्सा शाखाका कर्मचारीबाट वडाका जनप्रतिनिधिको रोहवरमा सर्जमिन गराई नक्सा पास प्रक्रिया अगाडी बढाउनेनिर्णय गरियो।

निर्णय नं ७. स्थानीय पाठ्यक्रम स्वीकृत सम्वन्धमा।

नगर शिक्षा समितिको मिति २०८२/०८/२२ को बैठकबाट सिफारिस भए अनुसार यस मध्यपुर थिमि नगरपालिकाको कक्षा १-५ को स्थानीय पाठ्यक्रम "मध्यपुर थिमि म्हसिका" अनुसूची -२ मा समाबेश भए अनुरुप स्वीकृत गर्ने निर्णय गरियो।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ओज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

८. सहकारी व्यवस्थापन सम्वन्धमा।

नगर सभाको १४ औं अधिवेशनबाटसमस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई निरन्तरता दिई नगरकार्यपालिका क्षेत्र भित्रका समस्या उन्मूख सरकारीहरुको अध्ययन गरी उपयूक्त व्यवस्थापन गर्न तथा नरपालिकाबाट समस्याग्रस्त घोषणा गरिने अन्य सहकारी संस्थाहरुको समेत कार्य गर्ने गरी कार्यक्षेत्र थप गर्ने निर्णय भए अनुसार बचतकर्ताहरुले बचत फिर्ताको लागि निबेदन दिई सहकारी शाखाबाट बचत फिर्ताको लागि पटक पटक पहल गर्दा समेत समस्या समाधान हुन नसकेका निम्न सहकारी संस्थाहरुको अध्ययन गरी उपयूक्त व्यवस्थापन गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई जिम्मा दिने निर्णय गरियो।

क. डँफे बचत तथा ऋण सहकारी संस्था लि., मध्यपुर थिमि- ३, गठ्ठाघर, भक्तपुर
ख. आँचल बचत तथा ऋण सहकारी संस्था लि., मध्यपुर थिमि- ४, ठिमि चोक, भक्तपुर
ग. लुँझ्याँ बचत तथा ऋण सहकारी संस्था लि., मध्यपुर थिमि- ६, नगरपालिका मार्ग, भक्तपुर

निर्णय नं ९. स्वबासी घर जग्गा सम्वन्धमा।

यस नगरपालिका वडा नं ५ साविक वडा नं १० सिद्धिकाली मार्ग र नासनानी क्षेत्रमा रहेको साविकमा छुट भएको स्वबासी घरजग्गाको पुन नापजाँच गरी जग्गाधनी प्रमाण पुर्जा स्रेस्ता कायम गराउन सर्जमिन मुचुल्का सहित ५ नं वडा समितिको निर्णय सहित सिफारिस भै आएको हुँदा सोही अनुसार नापी कार्यालय भक्तपुरमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं १०.पुल्चोक इन्स्टिच्यूट अफ इन्जिनियरिङ कन्सल्टेन्सी परामर्स सेवाको रकम भुक्तानी सम्वन्धमा।

सम्मानित उच्च अदालत पाटनको मुद्दा नं. ०८१-WO-०२२३ परमादेश सम्बन्धी कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरमा प्रा.लि. नं. ६४५५६ मा दर्ता रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ तीन कुने स्थित कार्यालय रहेको शुभश्री जगदम्बा डेभलपर्स प्रा.लि. हाल परिवर्तित नाम सौरभ विजनेस सेन्टर प्रा.लि. को अधिकार प्राप्त विष्णु प्रसाद न्यौपाने निवेदक र यस मध्यपुर थिमि नगरपालिका कार्यालय मध्यपुर थिमि, भक्तपुर विपक्षी रहेको रिट सम्बन्धी मुद्दामा "निवेदकले निर्माण गरेको भवनको सम्बन्धमा जे जो बुझ्नु पर्छ बुझी सो भवनको नक्सा पास सम्बन्धमा प्रस्तुत आदेश प्राप्त भएको मितिले तीन महिना भित्र निकासा दिनु" भनी यस नगरपालिकाको नाममा मिति २०८१।०८।१८ मा परमादेशको आदेश जारी भइ उक्त आदेश कार्यान्वयनको सन्दर्भमा उक्त भवनको हालको अवस्था, प्रचलित कानुन तथा मापदण्ड, साविकको कानुन तथा मापदण्ड लगायतका प्राविधिक तथा कानुनी पक्षको समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट सञ्चालित श्री इन्स्टिच्यूट अफ इन्जिननीयरिङ कन्सल्टेन्सी सर्भिसेज पुल्चोक ललितपुरसँग परामर्श सेवा खरिदको लागि मिति २०८२।०२।१३ मा सम्झौता भइ तहाँबाट मिति २०८३।०३।१२ मा प्राप्त भएको प्रतिवेदन परामर्शदाताको तर्फबाट ई.सुवास बास्तोलाले कार्यपालिकामा प्रस्तुतिकरण गर्नु भयो।

तसर्थ उक्त इन्स्टिच्यूट अफ इन्जिननीयरिङ कन्सल्टेन्सी सर्भिसेज सँग परामर्श सेवा खरिदको लागि मिति २०८२।०२।१३ मा सम्झौता भए अनुसार केही अध्ययनको कार्य बाँकी रहेकोले ५० प्रतिशत रकम बाँकी राखि रकम भुक्तानी दिने निर्णय गरियो।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय:११ स्वास्थ्य संस्था दर्ता सम्वन्धमा ।

यस नगरपालिका क्षेत्रको आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने गरी सरकारी, निजी, सामुदायिक, गैर सरकारी वा सरकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाहरुको सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा संचालन लगायतको प्रक्रियाहरुको नियमन तथा अनुगमन गरी नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने उदेश्यले स्वास्थ्य संस्था दर्ता अनुमति माग भएका देहाय बमोजिमका स्वास्थ्य संस्थाहरुलाई "मध्यपुर थिमि नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका, २०८१" बमोजिम गठित पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि गठित अनुगमन समितिको मिति २०८३ साउन १२ गतेको अनुगमनले स्वास्थ्य संस्था सञ्चालन मापदण्ड वमोजिम पुरा भएकोले स्वीकृत दिन मिल्ने भन्ने सिफारिस समेतको आधारमा उक्त संस्थालाई नेपाल सरकारको जनस्वास्थ्य सेवा नियमावली २०७७ बमोजिम यस नगरपालिकाको स्वास्थ्य ऐन २०७९, स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका २०८१ र प्रचलित कानुनको अधिनमा रही संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | स्पार्क भक्तपुर हेल्थ केयर प्रा.लि. फिजियोथेरापी सेवा | एस.एस.चोक ४ | फिजियोथेरापी क्लिनिक |

निर्णय नं. १२ भुक्तानी बाँकी योजना सम्बन्धमा ।

गत आ.व. मा भुक्तानी प्रणालीमा आएको समस्याको कारण भुक्तानी हुन नसकेको देहायका भुक्तानी बाँकी योजनामा भैपरी आउने पूजीगत शिर्षकबाट रकमान्तर गरी बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

१. नीलवाराही पिकनिक स्पट निर्माण भुक्तानी बाँकी रु. ३६,४५,०००।-
२. मध्यपुर युथ एसोशिएसन खेल मैदान भुक्तानी बाँकी रु. १०,७२,०००।-

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(निर्णय नं .४ संग सम्बन्धित )

अनुसूची - १ नमुना

........ बाल क्लबको विधान, २०८३

मध्यपुर थिमि ..........,

भक्तपुर।

प्रस्तावनाः विभिन्न धर्म, जातजाति, वर्ग र उमेरका बालबालिका सङ्गठित भई बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रचलित कानूनमा उल्लिखित सङ्गठन र सहभागिताको अधिकारको सदुपयोग र उपभोग गर्न गराउन एवम् बालबालिकाको विकास, प्रगति, संरक्षण लगायतका विषयमा बालबालिका स्वयम् सहभागी भई गाउँ, नगर, देश र अन्तर्राष्ट्रियस्तरमा बालबालिकाको सर्वोत्तम हितसम्बन्धी भएका वा घटेका घटना वा सूचकहरु बारे जानकारी प्राप्त गर्न, आदान प्रदान गरी आफ्नो विचार, भावना र आवाजलाई अभिव्यक्त गरी बालबालिकाको सामाजिक, मानसिक,बौद्धिक,शारीरिक लगाएतका सर्वाङ्गिण विकास गर्दै बालबालिकाको कल्याण र प्रगतिको लागि काम गर्ने अभिप्रायले गठन भएका र गठन हुने बालक्लब सञ्चालनमा सहजता र कार्यमा एकरुपता आओस् भन्ने हेतुले ........बालक्लबले यो ...............बाल क्लबको विधान,२०८३ जारी गरेको छ।

परिच्छेद-१
प्रारम्भ

१. नाम र प्रारम्भः (१) विधानको नाम " .............. बालक्लबको विधान, २०८३" रहने छ।

(२) यो विधान ........... यस बालक्लबका सदस्यहरुलाई लागू हुनेछ।

(३) यो विधान ........... यस बालक्लब, मध्यपुर थिमि, भक्तपुरको बैठकले पारित गरेपछि लागू हुनेछ।

२. परिभाषाः विषय १ वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

(१) "कार्य समिति" भन्नाले बालक्लबको कार्यकारी समिति भन्ने बझ्नुपर्दछ।

(२) "बालक्लब" भन्नाले निश्चित उद्धेश्य प्राप्तिका लागि १० वर्ष उमेर पुरा भई १८ वर्ष ननाघेका बालकल्याण बालगृहमा आश्रित बालबालिकाद्वारा सङ्गठित रुपमा स्थापना गरिएको बालक्लबलाई बुझ्नुपर्दछ।

(३) "मानार्थ सदस्य" भन्नाले दफा ६, उपदफा २ बमोजिम मनोनित भएका मानार्थ सभाका सदस्यहरुलाई बुझ्नुपर्दछ।

(४) "विधान"भन्नाले ...........बालक्लब, मध्यपुर थिमि भक्तपुरद्वारा जारी गरिएको " ...........बाल क्लबको विधान, २०८३ लाई बुझ्नुपर्दछ।

(५) "सदस्य" भन्नाले बालक्लबका कार्य समितिका सदस्य तथा पदाधिकारी समेतलाई बुझ्नुपर्दछ।

(६) "साधारण सदस्य" भन्नाले दफा ६, उपदफा २ बमोजिमका साधारण सभाका सदस्यहरुलाई बुझ्नुपर्दछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३



मनोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

३. छाप र चिन्हः यस बालक्लबको छाप र चिन्ह अनूसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद-२

उद्धेश्य र दर्ता

४. बालक्लबको उद्धेश्यः (क) कबालक्लबको नेतृत्व र यसका क्रियाकलपमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम गर्ने,

(ख) बालबालिकाको हक, हित र अधिकारको प्रवर्द्धन सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम संञ्चालन गर्ने,

(ग) विद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्ने,

(घ) नगरपालिका वा विद्यालयले कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बालक्लब मार्फत सामुहिक भावना राख्ने,

(ङ) बालक्लबको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने,

(च) बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,

(छ) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता वा विभिन्न जात, जाती, धर्म सम्प्रदायको बिचको सुसम्बन्धमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,

(ज) कुनै राजनितिक दलसँग आबद्ध हुन वा दलीय राजनितिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र बिरोध गर्न नहुने,

(झ) स्थानीय कानूनले तोकेका अन्य काम र कर्तव्य पालना गर्ने।

५. दर्ता तथा नविकरणः यस बालक्लब थिमि नगरपालिकामा कानून बमोजिम दर्ता, आबद्ध तथा नविकरण हुनेछ ।

परिच्छेद-३

सदस्यता

६. सदस्यताः (१) साधारण सदस्यः बालक्लबको साधारण सदस्यता लिनको लागि साधारण सभाले तोके बमोजिमको अन्य शुल्क पनि नियमित रुपमा बुझाउनु पर्दछ।

(२) मानार्थ सदस्यः बालक्लबको कार्य समितिको बैठकले बालअधिकारको क्षेत्रमा क्रियाशिल बालबालिकालाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

७. सदस्यता प्राप्ति तथा समाप्तिः

(१) बालक्लबको साधारण सदस्यता प्राप्तिको लागि योग्यता,

(क) अनिवार्य रुपमा जन्म दर्ता गरेको हुनुपर्छ।

(ख) १२ वर्ष उमेर पुरा गरि १८ वर्ष उमेर ननाघेको हुनुपर्छ तर १८ बर्ष उमेर पुरा भए पछि निजको सदस्यता स्वतः खारेज हुनेछ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ओम राज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

(२) सदस्यता समाप्तिः

(क) उपदफा (१) बमोजमको शर्त पुरा नगरेको।

(ख) तोकिएका शुल्कहरु नबुझाएको।

(ग) कार्य समितिको बालक्लबको आचरण विपरित कार्य गरेमा।

८. सदस्यता शुल्कः

(१) बालक्लबको साधारण सभाले सदस्यता सम्बन्धी सशुल्क अथवा निःशुल्क सदस्यता र आवश्यकता अनुसार अन्य शुल्क तोक्न सक्नेछ।

(२) सदस्यता शुल्क र नवीकरण अवधि बालक्लबको साधारण सभाले तोक्न सक्नेछ।

## परिच्छेद-४
## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

९.साधारण सभा तथा बैठक बोलाउने तरिकाः

(१) बालक्लबको साधारण सभा बोलाउने तरिकाः

साधारण सभाः वार्षिक साधारण सभा वर्षको कम्तीमा १ पटक बस्नेछ तर वार्षिक साधारण सभा हुन नसकेको अवस्थामा साधारण सभा गर्न आवश्यक भएको भनी साधारण सदस्य सङ्ख्यामध्ये एक चौथाई सदस्यहरुले अध्यक्ष समक्ष लिखित निवेदन पेश गरेमा विशेष साधारण सभा गरिनेछ।

(२) बालक्लबको साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिनुपर्दछ।

१०. कार्य समितिः

(क) बालक्लबको कार्य समितिमा देहाय बमोजिमको पदाधिकारी रहनेछन्।

(अ) अध्यक्षः १ जना

(आ) उपाध्यक्षः १ जना

(इ) सचिवः १ जना

(ई) कोषाध्यक्षः १ जना

(उ) सदस्यः ३ जना

(२) बालक्लबको कार्य समिति बालक्लबको साधारण सभाबाट छनौट हुनेछ।

(३) कार्यसमितिका पदाधिकारीहरुको पदावधि २ वर्षको हुनेछ र सदस्यहरु पुनः निर्वाचनको लागि उम्मेदवार हुन सक्नेछन्।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ओज राज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

(४) बालक्लबको कार्यसमितिको सदस्यता लिएको कम्तिमा १ महिना पुरा गरेको हुनुपर्दछ।

(५) कार्य समितिको पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिको लागि कार्य समितिले साधारण सदस्यता प्राप्त गरेको १ महिना पुरा गरेका सदस्यहरु मध्यबाट मनोनयन गर्नेछ।

(६) समितिको पदाधिनकारीहरु चयन गर्दा समान सहभागितालाई ध्यान दिइनेछ।

(७) बालक्लब कार्य समितिको बैठक कम्तीमा महिनाको १ पटक बस्नेछ।

(८) समितिका पदाधिकारीहरुको सदस्यता समाप्तिः

(अ) बालक्लबको सदस्य नरहेमा।

(आ) समितिको बैठकमा लगातार पाँच पटक सम्म अनुपस्थित रहेमा।

११. सल्लाहकारः बालक्लब सञ्चालन गर्नको लागि कार्य समितिको बैठकले संरक्षक संस्थाका अध्यक्ष तथा बालअधिकारकर्मीहरुबाट प्रबुद्ध व्यक्तिहरुलाई सल्लाहकार मनोनयन गर्न सक्नेछ।

## परिच्छेद-५
## काम, कर्तव्य, र जिम्मेवारी

१२. बालक्लबको काम र कर्तव्यः यस बालक्लबको काम र कर्तव्य देहाय बमोजिम हुनेछः

१) बालक्लबको नेतृत्व र यसको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम बालबलिकाले अवसर पाउने गरी कार्यक्रम सन्चालन गर्ने,

२) बालबालिकाको हक, हित र अधिकार प्रवर्द्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

३) विद्यालयको नियमित पठनपाठनमा वाधा नपर्ने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्ने,

४) नगरपालिका वा विद्यालय वा संरक्षक संस्थाले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बालक्लब मार्फत सामूहिक धारणा राख्ने,

५) बालक्लबको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने,

६) बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,

७) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखणता, राष्ट्रियता, स्वाधिनता वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायको बीचको सुसम्बन्धमा खलल गर्ने, जातीय भेदभाव वा छुवाछुतको कार्य गर्नदुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,

८) कुनै राजनितिक दलसँग आवद्ध हुन वा दलिय राजनितिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र विरोध गर्न नहुने,

९) स्थानीय कानूनले तोकेका अन्य काम र कर्तव्यको पालना गर्ने।

१) अध्यक्षको काम, कर्तव्य र जिम्मेवारीः

क) बैठकको अध्यक्षता गर्ने।

ख) दैनिक कार्य सञ्चालन गर्ने गराउने र सदस्यहरुलाई कामको बाँडफाँड गर्ने।

ग) बालक्लबको निर्णय तथा वार्षिक कार्यक्रम कार्वान्वयन गराउने।

घ) चलअचल सम्पत्ति हेरविचार गर्ने।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

मोज राज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

(ङ) कार्य समितिले दिएका जिम्मेवारीहरु पुरा गर्ने।

च) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने।

२) उपाध्यक्षको काम, कर्तव्य र जिम्मेवारीः

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पुर्ण कार्य गर्ने।

(ख) कार्य समितिले तोकेका अन्य काम गर्ने।

(३) सचिवको काम, कर्तव्य र जिम्मेवारीः

(क) अध्यक्षसँग सल्लाह गरी कार्य समिति तथा साधारण सभाको बैठक बोलाउने।

(ख) कार्य समितिबाट दिइएका थप जिम्मेवारीहरु पुरा गर्ने।

(ग) नियमित कार्य सञ्चालन गर्ने।

(घ) सबै प्रकारको अभिलेख राख्ने।

(ङ) कार्य समितिले समय समयमा तोकिदिएको अन्य कार्य गर्ने।

(४) उपाध्यक्षको काम, कर्तव्य र जिम्मेवारीः

(क) कोषको जिम्मा लिने।

(ख) सम्पुर्ण आम्दानी खर्चको विवरण राख्ने ।

(ग) वार्षिक रुपमा बालक्लबको आम्दानी र खर्चको हिसाब सार्वजनिक गराई साधारण सभा, कार्य समिति र ..............मा वार्षिक जानकारी दिने।

(घ) कार्य समितिको निर्णयबाट दिइएको अन्य जिम्मेवारी पुरा गर्ने।

(५) कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र जिम्मेवारीः

(क) बैठकमा भाग लिई आवश्यक सुझावहरु पेश गर्ने।

(ख) बैठकमा पारित भएका निर्णयहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने।

(ग) हरेक क्षेत्रबाट बालक्लबलाई सही सल्लाह दिई अघि बढाउन प्रयत्न गर्ने।

(घ) कार्य समितिले समय समयमा तोकिदिएको अन्य कार्यहरु गर्ने।

१५. गणपुरक सङ्ख्याः साधारण सभा तथा कार्य समितिको काम कारवाही हुन बालक्लबका कूल सदस्य संख्याको कम्तीमा ५०% भन्दा बढी पुग्ने गरी सदस्यहरु उपस्थित भएको हुनुपर्नेछ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ओज राज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

१६. बालक्लबको कोषः बालक्लबको एउटा आफ्नो छुट्टै बालहितकारी कोष हुनेछ र सो कोषबाट देहाय बमोजिमका रकमहरु रहनेछन्,

(१) सदस्यता तथा अन्य शुल्क वापत प्राप्त रकम

(२) कुनै व्यक्तिले स्वेच्छाले दिएको रकम

(३) संरक्षक संस्था वा अन्य संस्था वा सरकारी निकायले दिएको रकम।

१७. कोष संरक्षणको व्यवस्थाः संरक्षक संस्था/ विद्यालयले बालक्लबको कोषको उचित संरक्षण गर्नेछ।

१८. बालक्लबको लेखा र लेखा सार्वजनिकीकरणः

(१) बालक्लबको आम्दानी खर्चको स्पष्ट हिसाब राखिनेछ।

(२) बालक्लबको लेखा साधारण सभामा पेश गरी अनुमोदन गरिनेछ।

(३) .............बालक्लबले चाहेमा जुनसुकै बखत पनि बालक्लबको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ।

## परिच्छेद -६
## निर्वाचन

१९. निर्वाचनसम्बन्धी व्यवस्थाः कार्य समितिका पदाधिकारी छनौट गर्न बालबालिकाले सकेसम्म सर्वसम्मत विधि अपनाउनेछन् तर सर्वसम्वत हुन नसकेमा आवश्यक कार्यविधि तयार पारी विधिपूर्वक छनौट गर्ने व्यवस्था अपनाउनेछन्।

२०. अविश्वासको प्रस्तावः (१) बालक्लबका कार्य समितिका पदाधिकारी माथि अविश्वास छ भनी साधारण सभाका एक चौथाई सदस्यहरुले लिखित निवेदन नियमित साधारण सभा हुने ३ महिना अगावै पेश गरेमा सोही साधारण सभामा निर्णयार्थ प्रस्तुत गरिनेछ तर सो भन्दा बढि समयावधि भित्र पेश हुन आएमा दफा ९ को उपदफा (१ बमोजिम विशेष साधारण सभा बालाई सो साधारण सभामा पेश गरिनेछ।

(२) अध्यक्षमाथि अविश्वासको प्रस्ताव पर्न आएमा सो बैठको अध्यक्षता उपाध्यक्षले गर्नेछ, तर अध्यक्षलाई आफ्नो पक्षमा मत जाहेर गर्ने अधिकार भने सुरक्षित रहनेछ।

(३) साधारण सभाका उपस्थित सदस्यहरुमध्ये दुई तिहाई सदस्यहरुले अविश्वासको प्रस्तावको पक्षमा मत जाहेर गरेमा सो प्रस्ताव पारित भएको मानिनेछ।

## परिच्छेद-७
## विविध

२१. विधान संशोधनः बालक्लबको विधान संसोधन गर्नु पर्ने भएमा ........बालक्लबको बिधान संसोधन गर्न सक्नेछ।

२२. संरक्षक संस्थाः बालक्लबको संरक्षक........., भक्तपुर रहनेछ। बालक्लबको कार्य समितिले बालबालिकाको क्षेत्रमा काम गर्ने कुनै एक वा एकभन्दा बढी सरकारी अथवा गैरसरकारी संस्थालाई आफ्नो स्थानीय संरक्षक संस्थाको रुपमा नियुक्त गर्न सक्नेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३



भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

२३. बालक्लब खारेजीः बालक्लब खारेज भएमा बालक्लबको सम्पति...... ले तोकेबमोजिम हुनेछ।

२४. नवीकरणः प्रत्येक वर्षको असोज मसान्त सम्ममा बालक्लबले आफ्नो बालक्लबको आम्दानी खर्चको हिसाब सार्वजनिक गराएको प्रतिवेदन सहित .........., बालक्लब, भक्तपुरका कार्य समिति मार्फत मध्यपुर थिमि नगरपालिकाको वडा कार्यालयमा नविकरणको लागि निवेदन दिनेछ।

२५. बचाउः

(१) प्रथम पटक यो विधान लागू गर्दा भए गरेका कामहरु यसै विधान अन्तर्गत भए गरेको मानिनेछ।

(२) यस विधानमा उल्लेख गरिए बाहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि- १
(विधानको दफा ३ बमोजिम)
........... बालक्लबको छाप तथा चिन्ह

श्री बालकल्याण अधिकारीज्यू
मध्यपुर थिमि नगरपालिका, भक्तपुर।

मितिः २०८३............

बिषयः बालक्लब दर्ता गरिदिनु हुन।

महोदय,

हामी...........(मध्यपुर थिमि........., .........) नामक संस्थामा संस्थागत स्याहारमा संरक्षित बालबालिकाको भेलाले मिति २०८३............... गतरेका दिनमा बालबालिका सम्बन्धी, नियमावली, २०७८ को नियम ३ उपनियम १ बमोजिम.......... बालक्लब गठन गरी नियमावलीको नियम ३ उपनियम ४ तथा .............. बालक्लब, भक्तपुरद्धारा जारी गरिएको .........को बालक्लब, २०८३ बमोजिम दर्ता गर्न चाहेकोले दर्ताको लागि देहाएको विवरणको साथ यो निवेदन पेश गरेका छौं।

विवरणः

१. बालक्लबको नामः..............बालक्लब
२. बालक्लबको ठेगानाः मध्यपुर थिमि........., ..........,भक्तपुर
३. कार्य समितिका सदस्यहरुको नामावलीः
   क. अध्यक्षः
   ख. उपाध्यक्षः
   ग. सचिवः
   घ. कोषाध्यक्षः
   ङ. सदस्यहरुः

साधारण सदस्यहरुः

बालकः..........जना, बालिकाः............, जम्माः ......... जना

..............
(..........)
अध्यक्ष/ प्रधानाध्यापक

संलगन कागजाहरुः

१. बालक्लबको विधान
२. संरक्षक संस्था/विद्यालय...............को सिफारिस
३. बालक्लब गठन गरेको भेलाको माइन्यूटको प्रतिलिपि
४. कार्य समितिका सदस्यका जन्मदर्ताको फोटोकपी



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ओज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

"हाम्रो कला हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति"

(निर्णय नं.७ संग सम्बन्धित )

# मध्यपुर थिमि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शिक्षा, युवा तथा खेलकुद शाखा

# मध्यपुर थिमि म्हसिका

## (स्थानीय पाठ्यक्रम कक्षा १-५)

**पाठ्यक्रम परिचय:**

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरुको राय, सुझाव अनुसार स्थानीय विषयवस्तुहरु समेटेर यस पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट मध्यपुर थिमि नगरपालिकाभित्र आधारभूत तह (कक्षा १ देखि कक्षा ८) मा अध्ययन गर्ने विद्यार्थीहरुलाई यहाँको स्थानीय ज्ञान, सीप र धारणा दिने हेतुले " मध्यपुर थिमि म्हसिका" (मध्यपुर थिमि परिचय) नामाकरण गरी तयार पारिएको छ । मध्यपुर थिमिको पूर्ण रुपले परिचय पाओस् भन्ने उद्देश्यले मध्यपुर थिमिको भौगोलिक अवस्थिति, इतिहास, पर्यावरण, कला- सम्पदा, प्रचलित स्थानीय संस्कार-संस्कृति, जात्रापर्व - संस्कृति, स्थानीय बोलीचाली, नेपाल भाषाको प्रचलित लिपि र रञ्जना लिपि, परम्परागत् पेशा, व्यवसाय, स्थानीय सीप प्रविधि र स्थानीय उपचार विधिहरु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रारम्भमा (२०७६) कक्षा ६ को लागि मात्र पाठ्यक्रम निर्माण गरी लागू गर्दै आई रहेकोमा २०८१ बाट कक्षा ७ र ८ को स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको छ । पाठ्यक्रममा आवश्यकता महशुश भए परिस्कृत गर्दै लान सकिने ठाउँ राखिएको छ । यस पाठ्यक्रममा परम्परागत् शिक्षण विधि (संस्मरण र घोक्ने) भन्दा विद्यार्थी (सिकारु) केन्द्रित शिक्षण विधिलाई जोड दिएको छ भन्ने सैद्धान्तिक पक्षलाई भन्दा प्रयोगात्मक र व्यवहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

**मध्यपुर थिमि म्हसिका**

**तहगत (कक्षा १-३) सक्षमता**

१ आफू अध्ययन गर्ने विद्यालय रहेको टोल, बस्ती, वडा र नगरपालिकाको परिचय दिन ।

२ मध्यपुर थिमि नगरपालिकाका वडाहरू र नगरपालिका स्थापना गर्दा गाभिएका तत्कालीन गाउँ विकास समितिबारे सामान्य परिचय दिन ।

३ आफू अध्ययन गर्ने विद्यालय वरिपरिका बोटविरुवा र पानीका स्रोतहरूको सूची तयार गर्न ।

४ आफू अध्ययन गर्ने विद्यालय रहेको टोल, बस्ती र वडामा रहेका कला सम्पदाहरुको परिचय दिन ।

५ आफ्नो परिवार, आफन्त, छर-छिमेकमा मनाईने संस्कार, संस्कृति र चाडपर्व पहिचान गर्न ।

६ आफू अध्ययन गर्ने विद्यालय रहेको बस्तीमा मनाइने जात्रा, पर्व र नाचगानाहरु बारे वर्णन गर्न ।

७ परिवारभित्रका नाता बुझाउने शब्दहरू, घरायसी कामकाजमा प्रयोग हुने शब्दहरू र भान्सामा प्रयोग हुने शब्दहरू नेपाल भाषामा बोल्न र नेपाल भाषामा संङ्यात्मक गन्ती गर्न ।

८ मध्यपुर थिमि नगरपालिकाभित्रका परम्परागत पेशा व्यवसाय, स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनहरूको सूची बनाउन ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

**मध्यपुर थिमि म्हसिका**

**तहगत (कक्षा ४–५) सक्षमता**

१ भक्तपुर जिल्लाको नक्सामा मध्यपुर थिमि नगरपालिका पहिचान गर्न र आफू अध्ययन गर्ने विद्यालय रहेको वडा र सो वडामा रहेका प्रमुख सडक र राजमार्गहरूको परिचय दिन ।

२ मध्यपुर थिमि नगरपालिका भित्र गाभिएका तत्कालिन गाउँ विकास समितिहरू, ती क्षेत्रका प्राचीन, ऐतिहासिक बस्तीहरू र ती वस्तीहरूमा बसोबास गर्ने जातजातिहरूको सूची तयार गर्न ।

३ मध्यपुर थिमि नगरपालिकाभित्र रहेका प्राकृतिक सम्पदाहरू जस्तै- खोलानाला, वन जङ्गल तथा प्राचीन एवं ऐतिहासिक सम्पदास्थलहरु र तिनको महत्व वर्णन गर्न ।

४ मध्यपुर थिमि नगरपालिकाभित्रका विभिन्न संस्कार, संस्कृति, जात्रा र पर्वहरूको परिचय दिन

५ स्थानीय नेपाल भाषाबाट टोल बस्तीसित सम्बन्धित तथा आफू र आफ्नो दैनिक जीवनसँग सम्बन्धित शब्द र वाक्यहरू बोल्न र बनाउन ।

६ मध्यपुर थिमि नगरपालिकाभित्रका परम्परागत् पेशा-व्यवसाय, स्थानीय सीप र प्रविधिमा आधारित घरेलु उद्योगहरु बारे वर्णन ।

७ सामान्य रोग लाग्दा र कीराले टोक्दा प्रयोग गरिने स्थानीय घरेलु उपचार विधि र तिनको लागि प्रयोग हुने औषधीजन्य मसलाहरूको परिचय दिन ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## कक्षा एक

| विषय/क्षेत्र | विशिष्ट उद्देश्यहरु/सिकाई उपलब्धिहरु | विषयवस्तु | शिक्षण सामग्री | सम्भावित शिक्षण-सिकाई क्रियाकलापहरु | मूल्यांकन | कक्षा भार |
|---|---|---|---|---|---|---|
| १. भौगोलिक अवस्थिति | - आफू अध्ययन गर्ने विद्यालय रहेको न.पा र टोलको नाम वताउन । | - म.थि.न.पा.को संक्षिप्त परिचय | - मथिनपाको नक्सा | – पालिकाहरुको तहगत नाम बताउँदै हाम्रो विद्यालय रहेको पालिकाको नामबताउने<br>– मथिनपामा कूल वडा संख्या बताउने र विद्यालय रहेको वडा नं. बताउने | – हाम्रो विद्यालय रहेको पालिकाको नाम के हो?<br>– यस मथिनपामाकति वडाहरु छन् ?<br>– तिमीअध्ययन गर्ने विद्यालयमथिनपाको कुन वडामा पर्दछ ? | १० |
| २. ईतिहास | – नगरपालिका स्थापना हुनु पूर्वको गा.वि.सं. संख्या बताउन । | – मथिनपा स्थापना | – पुस्तक-पुस्तिका | मध्यपुर थिमि नगरपालिका स्थापना हुँदाको अवस्था बताउँदै नपामा गाभिएका तत्कालीन गाविसहरूको सङ्ख्या ५ रहेको बताउने । | – मथिनपा स्थापना गर्दा कतिवटा गाविसहरू गाभेका थिए ? | १० |
| ३.पर्यावरण | – आफ्नो विद्यालय भित्रको पानीको स्रोतको नाम बताउने । | – विद्यालय क्षेत्रको पर्यावरण | – पुस्तक-पुस्तिका, फोटो, भिडियो क्लीप | – विद्यालय क्षेत्र वरिपरि रहेका पानीका स्रोतहरूको परिचय दिँदै विद्यालयभित्रको पानी स्रोतहरू चिनाउने । | – आफू पढ्ने विद्यालयमा रहेको कुनै दुई पानीका स्रातहरूको नाउँ लेखा । | १० |
| ४. कला, सम्पदा | – सम्पदामा मन्दिरको नाम बताउन । | – हाम्रो कला-सम्पदा | – पुस्तक-पुस्तिका, फोटो, | – कला-सम्पदामा कुनै २ वटा मन्दिरको नाम बताउने र फोटो देखाउने । | – तपाईले देख्नुभएको २ वटा मन्दिरको नाम बताउनुहोस् । | २० |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राज घिमिरे प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ स्थानीय संस्कार-संस्कृति | –आफ्नो परिवारमा गरिने/मनाइने संस्कारहरुको नाम बताउन । | –हाम्रो संस्कार-संस्कृति | –पुस्तक, पुस्तिका, फोटो, भिडियो क्लीपहरु । | –आफ्नो परिवारमा गरिएका संस्कारहरुको उदाहरण दिन । | –तिम्रो परिवारमा गरिने ३ वटा संस्कारको नाम लेख्नुहोस्। | २० |
| ६.जात्रा, पर्व-संस्कृति | –आफ्नो परिवारले मनाउने चाडपर्वको नाम बताउन । | –हाम्रो चाडपर्व | –पुस्तक, पुस्तिका, फोटो, भिडियो क्लीपहरु । | –घरभित्र विभिन्न चाडपर्व मनाई रहेको फोटो, भिडियो क्लीप देखाएर उनीहरुको नाउँ बताउने । | –घरभित्र मनाईने कुनै ३ वटा पर्वहरुको नाउँ बताउ । | २५ |
| ७.नेपाल भाषा र लिपि | –नेपाल भाषामा आदर गर्न । जस्तैः ज्वजलपा प्रयोग गर्न ।<br>–एकल परिवारका सदस्यहरुको नाता नेपाल भाषामा बोलाउन ।<br>–दिनहुँ बिहान-बेलुका खाने खाद्य वस्तुहरुको नाम बताउन (उच्चारण गर्न) ।<br>–१ देखि ५ सम्म नेपाल भाषामा गन्न सक्ने | –नेपालभाषा र लिपी | –पुस्तक-पुस्तिका वार्तालाप । | परिवारका सदस्यहरु बारे प्रश्नगर्दै आमा, बुबा, दाई-दिदी, भाई-बहिनी आदिलाई नेपाल भाषामा बताउने ।<br>बिहान-बेलुका के-के खाना खायौ भन्ने प्रश्न सोध्दै भात, तरकारी, दाल आदिलाई नेपाल भाषामा के भनिन्छ, बताउने ।<br>नेपालभाषाको अक्षर लेख्ने छुट्टै लिपी हुन्छ भनीबताउने । | –दिदी र भाईलाई नेपाल भाषामा के भनिन्छ ?<br>–भात र तरकारीलाई नेपाल भाषामा नाम बताऊन ।<br>–नेपाल भाषामा क, ख, ग, लाई नेपालीमा जस्तै लेखिन्छ, हो ? | ३० |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. परम्परागत पेशा-व्यवसाय | – कुनै ३ वटा परम्परागत पेशा-व्यवसायको नामबताउन । | – परम्परागत पेशा-व्यवसाय | – पुस्तक, पुस्तिका, फोटो, भिडियो क्लीप | परिवार र छर-छिमेकमाआमाबुबा, दाइ, दिदीहरु के काम गर्नुहुन्छ भनी सोध्दै परम्परागत पेशा-व्यवसायको चिनारी दिने । | – कुनै ५ वटा परम्परागत् पेशा-व्यवसायहरुबताउनुस् । | २० |
| ९. स्थानीय सीप, प्रविधि र उद्योग | – माटोबाट बनाईने कुनै३ वटा सामग्रीहरुको नाम बताउन । | - स्थानीय सीप र उद्योग | – पुस्तक, पुस्तिका, फोटो, भिडियो क्लीप | – स्थानीय सीपमूलककार्यहरुको परिचयगर्दै माटोबाट बनाउने कुनै ३ वटा सामग्रीहरुको नामबताउने । | – माटोबाट बनाउने तीन वटा सामग्रीहरुको नाम बताउनुस् । | १५ |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# कक्षा दुई

